मिति २०८१/१२/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत नगरस्तरीय पोखरी संरक्षण र विस्तारको लागि विनियोजित रकम रु.१५०००००। बाट तपसिलका पोखरीको संरक्षण तथा विस्तार गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १ | वरौली पोखरी विस्तार एवं अधुरो पुर्वाधार निर्माण | सैनामैना ११ | ५००००० |
| २ | भइछा (लठ्ठहवा) पोखरी विस्तार एवं अधुरो पुर्वाधार निर्माण | सैनामैना ८ | २५०००० |
| ३ | मेघाहा तालमा गारो निर्माण तथा माटो फिलिङ्ग र अधुरो पुर्वाधार निर्माण | सैनामैना ६ | ७५०००० |

## निर्णय नं. २

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/१२/०७ को निर्णयबाट स्वीकृत प्राप्त सैनामैना नगरपालिका वडा नं. ६, ८ र ९ भई बग्ने इंगुरिया खोला र घमाहा नदी (कभर्ड हल आसपास क्षेत्र) मा थुप्रिएको नदीजन्य पदार्थले जोखिम बढेको र विपद् निम्त्याउने उच्च सम्भावना देखिएकोले प्राविधिक प्रतिवेदनमा उल्लेख भए वमोजिम इंगुरिया खोलाका प्रतिवेदनमा उल्लेख भएका स्थानबाट ३१०६३.८५ घन मिटर र घमाहा नदी कभर्ड हल आसपासको प्रतिवेदनमा उल्लेख भएको क्षेत्रबाट २५८१ घन मिटर नदीजन्य पदार्थ वुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजनाको लागि सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेबमोजिमको रोयल्टी (प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्रि शुल्क) लिई ढुङ्गा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ वमोजिमको प्रकृया पुरा गरी उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ३

आ.व. ०८१/०८२ का तपसिलका योजनाहरु विभिन्न शाखा तथा वडा कार्यालयबाट सिफारिस भइ आए बमोजिम तपसिल अनुसार योजनाहरु संशोधन एवं रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क स | साविक योजना / कार्यक्रम | विनियोजित रु. | संशोधन/रकमान्तर योजना/कार्यक्रमको विवरण | विनियोजित रु. |
|---|---|---|---|---|
| १ | कृर्षिजन्य सामाग्री तथा विउ वितरण | १००००० | वैकुण्ठपुर कृषक समूह स्यालो टयुवेलको मोटर | १००००० |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१२/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद | |
| २ | जनकल्याण मा.वि. इगुरिया सेक्टर मर्मत तथा रंगरोगन | १०००००० | जनकल्याण मा.वि. इगुरिया सेक्टरमा फर्निचर खरिद तथा मर्मत | १००००० |
| ३ | राधाकृष्ण टोलको सगरमाथापथ स्तरउन्नती सैनामैना ४ | १००००० | राधाकृष्ण टोलको कञ्चनजङ्घा पथ स्तरन्नोती | १००००० |
| ४ | झारवैरा टोलको एकेडेमी पथ स्तरउन्नती सैनामैना ४ | १००००० | झारवैरा टोलको विजय पथ स्तरउन्नती सैनामैना ४ | १००००० |
| ५ | दलित उत्थान अभिमुखिकरण कार्यक्रम सैनामैना ४ | ५०००० | दलित समुदायका युवायुवतीलाई कम्प्युटर तालिम | ५०००० |
| ६ | हरियाली टोलमा आमा समुहको भवनमा तारजाली सैनामैना २ | १००००० | हरियाली टोलमा आमा समूहको भवन मर्मत सम्भार सैनामैना २ | १००००० |
| ७ | वडास्तरिय योजना अनुगमन निरीक्षण सैनामैना २ | ६०००० | खकनपुर टोल सडकवत्ति जडान सैनामैना २ | ६०००० |
| ८ | नेपाली सेनासंगको सहकार्यमा सैनामैना पार्क निर्माण वडा नं. ११ सालझण्डी | १०००००० | कोटियादेवि मा.वि. फर्निचर खरिद सैनामैना ११ | ५००००० |
| | | | मलमला सामुदायिक अधुरो भवन निर्माण सैनामैना ५ | ३००००० |
| | | | कालिका प्रा. वि. पुर्वाधार निर्माण सैनामैना २ | २००००० |
| ९ | वहुउद्देश्यिय भवन निर्माण निरन्तरता सैनामैना १० | १०००००० | सालझण्डी आमा समूह भवन निर्माण सैनामैना १० | १०००००० |
| १० | महिला नेतृत्व विकास तालिम सैनामैना ८ | ८०००० | सिप विकास तालिम सैनामैना ८ | ८०००० |
| ११ | कुश्माहा पुरानो काठेपुल मर्मत | ५००००० | कुश्माहा टोल विकास समितिको भवन मर्मत सैनामैना ४ | ३००००० |
| | | | कुश्माहा भाटा अधुरो सामुदायिक भवन निर्माण सैनामैना ४ | २००००० |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणिन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१२/२६ गतेको नगर कार्यापालिका बैठकका निर्णयहरु

## निर्णय नं. ४

अर्धाखाँची जिल्लाको पाणिनी गाउँपालिकाको पाणिनी तपोभूमिमा सन्चालन हुने पाणिनी तपोभूमि सम्मेलनको लागि सैनामैना नगरपालिका वडा नं. १० को सालझण्डी ढोरपाटन सडकमा प्रवेशद्वार गेट निर्माणका लागि रु. २००००।– उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

लोक भजन चुड्का कार्यक्रम शिर्षकवाट जिल्ला स्तरीय अन्तर विद्यालय भजन प्रतियोगिताका लागि रु. २००००।– उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ६

स्वास्थ्य सेवा विभागको च.नं. १३६२ मिति २०८१/१२/१९ को पत्रबाट किसोरी, गर्भवती तथा सुत्केरी महिलालाई आइरनको कमीले हुने रक्त अल्पताको रोकथामका लागि आइरन चक्कीको लागि वजेट नभएकोले स्थानीय तहलाई आवश्यक भएमा सम्वन्धित स्थानीय तहले व्यवस्थापन गर्ने भनि लेखि आएकोले यस नगरपालिकाको लागि आवश्यक पर्ने आईरन चक्कि खरिदका लागि औषधी खरिद शिर्षकमा वचत रकमबाट रु.५०००००।– विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

वन तथा भू संरक्षण विभागको च.नं. ५०३ मिति २०८१/४१२/०५ को पत्रबाट सैनामैना नगरपालिकालाई सैनामैना नगरपालिका फोहर व्यवस्थापन केन्द्र निर्माण गर्नको लागि वन ऐन २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम रुपन्देही जिल्लाको सैनामैना नगरपालिका वडा नं. १० मा रहेको राष्ट्रिय वनको ३.५ हेक्टर जग्गा प्रयोग गर्न दिने तथा सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका कुल जम्मा ८३ गोटा रुख/पोल हटाउन स्वीकृति दिने विषयमा म.प.वै.स.५४/०८१ मिति २०८१/१०/२१ गते को मन्त्रिपरिषदको वैठकमा पेश हुदाँ "प्रस्तावमा लेखिए बमोजिम गर्ने" निर्णय भएको भनि निर्णयको छायाकपी सहित लेखि आएकोले उक्त निर्णय वमोजिम सम्झौताका लागि आवश्यक कार्य गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

सैनामैना नगरपालिकाको आ.व. ०८१/०८२ मर्मत सम्भार कोषबाट तपसिलका योजनाको मर्मत सम्भार गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | पेरिसडाडा आदर्शटोल सडकबत्ति मर्मत सैनामैना ४ | रु.५०००० |
| २ | दुधराक्षटोल सडकवत्ति मर्मत सैनामैना ६ | रु.५०००० |

निर्णय प्रमाणित

जीवन ग्यावाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१२/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

३ जनचेतना मा.वि. कम्पाउण्डवाल तारबार तथा निर्माण रु.८३०८१

## निर्णय नं. ९

वडा विपद् व्यवस्थापन सैनामैना ४ शिर्षकबाट तपसिलका योजनाको सञ्चालन गर्ने निर्णय गरियो ।
तपसिल

१. रामनगर संगमटोल तिनकुने पथ अधुरो नालि निर्माणका सैनामैना ४ रु.७००००
२. कर्वला रन्यौरा सडक पुल पारी बाटो मर्मत ग्राभेल सैनामैना ४ रु.४५०००
३. कुलो घोला सफाई राधाकृष्ण र प्रगतिटोल सैनामैना ४ रु.३५०००

## निर्णय नं. १०

हिमाल ग्रुप निर्माण व्यवसाय उद्योग सन्धिखर्क १ अर्घाखाँची र यस नगरपालिका विच कवाडी मालवस्तु निकासी र कर उठाउने सम्झौता बमोजिम दोस्रो किस्ता वापतको कुल ठेक्का रकमको ४० प्रतिशत हुन आउने रकम फाल्गुन मसान्तमा बुझाउनु पर्नेमा विविध कारण जनाई म्याद थपका लागि निवेदन दिएकोले दोस्रो किस्ता वापतको रकम बुझाउने म्याद २०८१ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

४ नं वडा कार्यालयमा कनेक्ट आइपिएस (क्यु आर कोण) बाट राजश्व भुक्तानी गर्दा सफ्टवेयरमा समस्या भई दुई पटक असुली भएको पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, चारकिल्ला सिफारिस र निवेदन दस्तुरमा आएको थप रकम रु.१५४१० फिर्ता गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

तीन पाङ्ग्रे सवारी साधान सञ्चालन तथा व्यवस्थापन समितिमा तपसिल बमोजिम तोक्ने निर्णय गरियो ।

क) श्री राम प्रसाद अधिकारी - कार्यपालिका सदस्य
ख) श्री दुर्गामाया श्रेष्ठ - कार्यपालिका सदस्य
ग) श्री हरी भुर्तेल - सवारी व्यवसायी मध्येबाट

## निर्णय नं. १३

मागमा आधारित पुर्वाधार निर्माण कार्यक्रमबाट तपसिलका योजना सन्चालन गर्ने निर्णय गरियो ।

१. मुहान सामाजिक उधमी महिला सहकारी भवन निर्माण सैनामैना १० रु.२०००००
२. जरायोपथ कल्भट निर्माण सैनामैना १० रु.५०००००
३. शिलशिला आमा समुह अधुरो भवन निर्माण सैनामैना ४ रु.१०००००
४. जनचेतना मा.वि. कम्पाउण्डवाल तारबार तथा निर्माण रु.३१६९२९

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१२/२५ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १४

आ.व. ०८१/०८२ का तपसिलका योजनाहरु वडा कार्यालयबाट सिफारिस भइ आए बमोजिम तपसिल अनुसार योजनाहरु संशोधन एवं रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क स | साबिक योजना / कार्यक्रम | विनियोजित रु. | संशोधन/रकमान्तर योजना/कार्यक्रमको विवरण | विनियोजित रु. |
|---|---|---|---|---|
| १ | जलैया टोलमा रहेको सामुदायिक बनको भवन देखि स्कुल सम्म बाटो स्तरोन्नती सैनामैना ११ | २००००० | जलैया टोलमा रहेको सामुदायिक बनको भवन देखि स्कुल सम्म बाटो स्तरोन्नती सैनामैना ११ | १२०००० |
| | | | जलैयामा रहेको सामुदायिक भवनको सौचालय निर्माण सैनामैना ११ | ८०००० |

प्रमोद प्रसाद शर्मा
नगर प्रमुख